# आन्तरिक हुलाक वस्तु (बीमा गर्ने) ऐन, २०१९

लालमोहर र प्रकाशन मिति

२०१९।६।५

संशोधन गर्ने ऐन

१. नेपाल ऐनहरु संशोधन गर्ने खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ — २०१९।१२।३०

प्रमाणिकरण र प्रकाशन मिति

२. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६[◎] — २०६६।१०।७

२०१९ सालको ऐन नं. १८

✂…………

नेपाल भित्र हुलाकद्वारा चलान हुने वस्तुहरुको बीमा गर्ने व्यवस्थाको निमित्त बनेको ऐन

**प्रस्तावना** : नेपाल ✂……… भित्र हुलाकद्वारा चलान हुने वस्तुहरु हराउने वा नोक्सान हुने प्रति बीमा गर्ने र त्यस्ता वस्तुहरु हराएमा वा नोक्सान भएमा क्षतिपूर्ति दिने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट [A]नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम "आन्तरिक हुलाक वस्तु (बीमा गर्ने) ऐन, २०१९" रहेकोछ ।

(२) यो ऐन नेपाल ✂……… भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "हुलाक वस्तु" भन्नाले पत्र, पोष्ट कार्ड, पत्र-पत्रिका, पुस्तक, नमूना वस्तुको पैकेट, पार्सल र हुलाकद्वारा चलान गर्न सकिने जुनसुकै चीज वा वस्तुलाई समेत जनाउँछ ।

---

◎ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

A नेपाल ऐनहरु संशोधन गर्ने, खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा संशोधित ।

(ख) "हुलाक अड्डा" भन्नाले नेपाल ✂.......... भित्रको एक इलाकाबाट अर्को इलाकामा हुलाक वस्तु हुलाकद्वारा चलान गर्न नेपाल सरकारबाट खडा गरिएको हुलाक अड्डा सम्झनुपर्छ ।

(ग) "हुलाक डाइरेक्टर" भन्नाले नेपाल सरकारको हुलाक विभागको डाइरेक्टर सम्झनुपर्छ ।

(घ) "बीमा" भन्नाले हुलाकद्वारा चलान गरिंदाको अवस्थामा हराउने वा नोक्सान हुने प्रति गरिने बीमा सम्झनुपर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेका नियमहरुमा तोकिएको वा तोकिए बमोजिमको सम्झनुपर्छ ।

३. **व्याख्या** : यो ऐनको प्रयोजनको निमित्त -

(क) कुनै हुलाक वस्तु हुलाक अड्डामा बुझाइएको समयदेखि सो वस्तु ठेगानावालालाई बुझाइएको वा प्रेषकलाई फिर्ता बुझाइएको वा दफा ७ अन्तर्गत कारवाई गरिएको समयसम्म हुलाकद्वारा चलान गरिंदाको अवस्थामा रहेको मानिनेछ ।

(ख) कुनै किसिमको हुलाक वस्तुलाई कुनै हुलाक अड्डाको सो कामको निमित्त अधिकार पाएको व्यक्तिलाई बुझाएपछि सो वस्तु सो हुलाक अड्डामा बुझाएको मानिनेछ ।

(ग) कुनै हुलाक वस्तुलाई ठेगानावाला वा सो वस्तु बुझिलिने ठेगानावालाबाट अख्तियार पाएको वारिसलाई बुझाएपछि सो वस्तु ठेगानावालालाई बुझाएको मानिनेछ ।

४. **हुलाक वस्तुहरुको बीमा** : नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी निम्नलिखित कुराहरुको निर्देश गर्न सक्नेछः-

(क) कुनै हुलाक वस्तुलाई हुलाकद्वारा चलान गरिंदाको अवस्थामा हराउने वा नोक्सान हुने प्रति सो हुलाक वस्तु बुझाउने हुलाक अड्डामा यो ऐनको अरु दफाहरुमा लेखिएका कुराहरुको अधीनमा रही बीमा गराउन सकिनेछ र त्यसको रसीद हुलाक वस्तु बुझाउने व्यक्तिलाई हुलाक अड्डाबाट दिइनेछ, र

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(ख) सामान्य हुलाक र रजिष्टरीको लागि चाहिने हुलाक टिकट र दस्तूरको अतिरिक्त त्यस्तो हुलाक वस्तुको बीमा दस्तुर वापत सोही सूचनामा तोकिए बमोजिमको दस्तूर लाग्नेछ ।

५. **बीमा गरिएका हुलाक वस्तुहरुको सम्बन्धमा दायित्व** : तोकिएको शर्त र बन्देजहरुको अधीनमा रही बीमा गरिएको कुनै हुलाक वस्तु वा त्यसको कुनै अंश हुलाकद्वारा चलान गरिंदाको अवस्थामा हराएमा वा नोक्सान भएमा जति रकमको निमित्त बीमा गराएकोछ सो रकममा नबढाई सो हुलाक वस्तुको प्रेषकलाई क्षतिपूर्ति दिने दिलाउने जवाफदेही नेपाल सरकारको हुनेछ ।

तर कुनै हालतमा पनि हराएको वा नोक्सान भएको वस्तुको वास्तविक मूल्य भन्दा बढी क्षतिपूर्ति दिनुपर्ने छैन ।

६. **बीमा गरिएका वस्तुहरु बुझाउन नसकिएमा गर्ने** : हुलाकद्वारा चलान भै आएको कुनै बीमा गरिएको हुलाक वस्तुलाई कुनै कारणबाट ठेगानावालालाई बुझाउन नसकिएमा सो वस्तुलाई तोकिएको अवधिसम्म हुलाक अड्डामा राखिनेछ र सो अवधिसम्ममा पनि ठेगानावालालाई बुझाउन नसकिने भएमा जुन हुलाक अड्डाबाट बीमा र हुलाक दाखिल भै सो वस्तु चलान भै आएको हो सोही हुलाक अड्डा मार्फत प्रेषकलाई बिना दस्तूर फिर्ता पठाइनेछ । त्यस्तो कुनै हुलाक वस्तु प्रेषकलाई फिर्ता गर्न पठाएकोमा कुनै कारणबाट सो वस्तु प्रेषकलाई पनि फिर्ता बुझाउन नसकिने भएमा हुलाक डाइरेक्टर कहाँ पठाइनेछ ।

७. **बुझाउन नसकिएमा बीमा गरिएका हुलाक वस्तुहरुको सम्बन्धमा हुलाक डाइरेक्टरले गर्ने कारवाई** : दफा ६ मा लेखिए बमोजिम ठेगानावालालाई बुझाउन र प्रेषकलाई फिर्ता बुझाउन पनि नसकिने भै आएका प्रत्येक बीमा गरिएका हुलाक वस्तुको सम्बन्धमा हुलाक डाइरेक्टरले निम्नलिखित कारवाई गर्ने गराउनेछः-

(क) यथासम्भव सो हुलाक वस्तलाई नखोली यथास्थिति ठेगानावाला वा प्रेषकलाई हुलाकद्वारा बुझाउन वा फिर्ता पठाउन कोशिश गर्नेछ ।

(ख) खण्ड (क) बमोजिम नखोली यथास्थिति बुझाउन नसकिने देखिएमा हुलाक डाइरेक्टर वा सो कामको निमित्त निजबाट अख्तियार पाएको अधिकृतले हुलाक वस्तुलाई गोप्य रुपबाट खोली प्रेषकको नाम र ठेगाना पत्ता लगाई प्रेषकलाई फिर्ता बुझाउन कोशिश गर्नेछ ।

(ग) खण्ड (क) वा (ख) बमोजिम बुझाउन नसकिने भएमा त्यस्ता हुलाक वस्तुको विवरण नेपाल राजपत्रमा प्रकाशित गरी १ वर्षको अवधिसम्म नेपाल सरकारको हुलाक

विभागमा सुरक्षित राख्नेछ र सो अवधिसम्म पनि त्यसको हकवाला ननिस्केमा सो हुलाक वस्तु नगदी रुपैयाँ भए नगद मै र अरु बिक्री योग्य वस्तु भए बढाबढमा विक्री गरी आएको नगद नेपाल सरकारको नाममा दाखिल गर्नेछ ।

८. **नियमहरु बनाउने अधिकार** : (१) यो ऐनको उद्देश्यहरु कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी ती नियमहरुमा विशेष गरेर निम्नलिखित कुराहरुको व्यवस्था गर्न सकिनेछः-

(क) यो ऐन अन्तर्गत बीमा गराउन सकिने हुलाक वस्तुहरुको किसिम,

(ख) बीमा गराउन सकिने हुलाक वस्तुहरुको मूल्यको हद अंक,

(ग) बीमा दस्तूर भुक्तानी गर्ने तरीका, र

(घ) बीमा गरिने हुलाक वस्तु खामिने खामको ढाँचा प्रकार, आकार, तौल, त्यसमा हुलाक टिकट लगाउने तरीका, सिलछाप लगाउने तरीका, प्रेषकको नाम, ठेगाना र ठेगानावालाको नाम, ठेगाना लेख्ने तरीका ।

(३) हुलाक अड्डामा हुलाक वस्तुहरु बीमा गराउने, बीमा गराइसकेपछि बुझाउने स्थान, समय र तरीका हुलाक डाइरेक्टरले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुनेछ ।

९. >…………………

---

> नेपाल ऐनहरु संशोधन गर्ने खारेज गर्ने र पुनः व्यवस्थित गरी चालू राख्ने ऐन, २०१९ द्वारा झिकिएको ।

**द्रष्टव्य :** केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरू :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

नेपाल कानून आयोग